# राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोग र मातहत ३६ कार्यालयसमेतको यो वर्ष विनियोजन रु.६१ करोड ६८ लाख, राजस्व रु.३३. लाख, धरौटी रु.१ करोड ३४ लाखसमेत रु.६३ करोड ३५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । आयोग मातहतका अन्य संस्था १ को रु.२२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

राष्ट्रिय योजना आयोगको गठन तथा कार्यसञ्चालन आदेश, २०६७ को दफा ५ ले आयोगलाई योजना तर्जुमा मूल्याङ्कन सम्बन्धी काम, कर्तव्य र अधिकार दिएको छ । आयोगको आवधिक योजना तयारी प्रक्रिया र मूल्याङ्कन पक्षको अध्ययन गर्दा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१. **दीर्घकालीन सोचको निर्धारण -** बिगतमा निर्धारण गरेको दीर्घकालीन सोचको मूल्याङ्कन तथा विश्लेषण र दिगो आर्थिक विकासका आधार तय गरी आवधिक योजनाको दीर्घकालीन सोच निर्धारण गर्नुपर्दछ । आवधिक योजनाका दीर्घकालीन सोचहरु देहायबमोजिम रहेका छन्:

| आवधिक योजना | दीर्घकालीन सोच |
|---|---|
| ११ औं योजना | आर्थिक र सामाजिक विकासको रुपान्तरणको आधार तयार गरी समृद्ध र आधुनिक नेपाल निर्माण गर्ने । |
| १२ औं योजना | आगामी दुई दशकभित्र नेपाललाई विकासशील राष्ट्रमा रुपान्तरण गरी सम्बृद्ध, शान्त, न्यायपूर्ण नेपाल बनाउने । |
| १३ औं योजना | वि.स.२०७९ भित्र नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने । |
| १४ औं योजना | स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्र एवं समृद्ध नेपाल । |

विकासशील मुलुकमा स्तरोन्नतिका लागि संयुक्त राष्ट्रसंघले प्रति व्यक्ति औसत कुल राष्ट्रिय आय, मानव सम्पत्ति सूचक र आर्थिक जोखिम सूचक गरी ३ मापदण्ड र तिनको सीमा निर्धारण गरेको छ । विकासशील राष्ट्रमा स्तरोन्नती हुनका लागि ३ मध्ये न्यूनतम २ मापदण्डको निर्धारित सीमा पार गर्नु आवश्यक छ । यी ३ मापदण्डको अवस्था देहायबमोजिम देखिन्छ:

| विवरण | २०७०।७१ को अवस्था | १३ औं योजनाको अनुमान | संयुक्त राष्ट्रसंघ विकास समितिको (सन् २०१५) मूल्याङ्कन |
|---|---|---|---|
| कुल राष्ट्रिय आय | अमेरिकी डलर ७२१ | अमेरिकी डलर ९०२ | अमेरिकी डलर ६५९.५० |
| मानव सम्पत्ति सूचक | ६२.२० | ६६ | ६८.७ |
| आर्थिक जोखिम सूचक | २७.८ | २६.९५ | २६.८ |

नेपालले दुई मापदण्ड सन् २०१५ मा नै पूरा गरे तापनि स्तरोन्नति भएको देखिदैन । मापनयोग्य परिमाणात्मक सूचकलाई आधार लिई दीर्घकालीन सोच निर्धारण गर्ने, स्तरोन्नतिका लागि आवश्यक मापदण्ड निर्धारण गर्ने, सूचना र आधारभूत तथ्याङ्कको विश्लेषण गरी दीर्घकालीन र दिगो आर्थिक विकासका आधारहरु तय गरी आवधिक योजना प्रक्रियामा सुधार गर्नुपर्दछ ।

२. **सूचना विश्लेषणको व्यवस्था -** आयोगको सञ्चालन आदेशबमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा आयोगमा उपाध्यक्ष, ८ जना सदस्य र सदस्य सचिव रहने व्यवस्था छ । आयोगले योजना तर्जुमा गर्दा अधिकतम रुपमा तथ्याङ्क विभाग र अर्थ मन्त्रालयबाट प्राप्त सूचनालाई आधार लिने गरेकोमा आवधिक योजनागत लक्ष्य, उद्देश्य, सूचकलगायत क्षेत्रगत लक्ष्य उद्देश्य सूचकहरुको विश्लेषण गर्नका लागि जिम्मेवार पद सिर्जना नभएको, निजामती सेवा ऐनमा आर्थिक समूहको व्यवस्था भए पनि कर्मचारीको दरबन्दी सिर्जना नभएको र सदस्यहरुको कार्य विभाजनअनुरुप विकासको क्षेत्रगत सूचकहरुको विश्लेषण हुने गरेको पाइएन । सूचनाहरुको अभिलेख, लेखाङ्कन र विश्लेषण प्रणालीको व्यवस्था, संस्थागत संरचनामा आवधिक योजनाअनुरुप कार्य गर्ने पदाधिकारीहरुलाई जिम्मेवार बनाई योजनाको तयारी गर्ने प्रक्रियाको आधारहरु तय गर्नुपर्ने देखिन्छ ।

३. **लक्ष्य र क्षेत्रगत नीतिसँग अन्तरसम्बन्ध -** आवधिक योजना बमोजिम आयोगले आधार वर्ष लिई मुख्य लक्ष्य र सूचकहरु निर्धारण गर्ने, आर्थिक वृद्धिदर निर्धारण गर्ने र सो आर्थिक वृद्धिदर हासिल गर्न आवश्यक लगानीको रकम निर्धारण गर्ने गरेको छ । आवधिक १३ औं योजनामा निर्धारित आर्थिक वृद्धि हासिल गर्न सार्वजनिक र निजी क्षेत्रबाट गरिने लगानीको अनुमान निर्धारण गरिएकोमा १४ औं योजनामा सहकारी क्षेत्रबाट गरिने लगानी थप गरिएको छ । तथापी गैर सरकारी क्षेत्रबाट हुने लगानीको अनुमान, राजस्व नीति अन्तर्गत साल वसाली रुपमा परिवर्तन हुने नीतिहरुबाट हुने आर्थिक वृद्धि, लगानीमा हुने प्रभाव जस्ता विषयहरुको विश्लेषण हुने गरेको छैन ।

आवधिक योजनाहरुले क्षेत्रगत रुपमा गरिने लगानीको अनुमान गरे तापनि क्षेत्रगत रुपमा हुने अनुमानित खर्च नखुलाएबाट अनुमानित सूचक तथा उपलब्धिको खर्चसँग अन्तरसम्बन्ध रहेको देखिँदैन । अनुमानित लगानीबाट हुने उपलब्धि र सरकारी खर्चबाट प्राप्त हुने उपलब्धिको अन्तर सम्बन्ध नभएबाट आवधिक योजनाहरुले तोकेको लक्ष्यअनुरुप प्रगति मापन गर्न सकेको देखिएन । क्षेत्रगत उपलब्धिको लागि क्षेत्रगत खर्च र सोबाट हुन जाने लगानीको पूर्वानुमान गरी योजना तर्जुमा गर्ने व्यवस्था गर्नुपर्दछ ।

४. **आवधिक र वार्षिक बजेट, कार्यक्रम र खर्चको अन्तरसम्बन्ध** - आयोगले १३ औं योजनाको समीक्षामा २०६९।७० को स्थिर मूल्यमा ३ वर्षको कुल खर्च रु.१६ खर्ब १६ अर्ब ७५ करोड अनुमान भएकोमा रु.१३ खर्ब ५८ अर्ब ६३ करोड (८४ प्रतिशत) खर्च प्रस्तुत गरेको छ । अर्थ मन्त्रालयबाट प्राप्त विवरणबमोजिम ३ वर्षको बजेट रकमलाई २०६९।७० को स्थिर मूल्यमा गणना गर्दा बजेट सीमा रु.१५ खर्ब ९४ अर्ब ४१ करोड निर्धारण गरी कुल बजेट रु.१६ खर्ब ९३ अर्ब ४१ करोड व्यवस्था गरेको पाइयो । बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले बजेट सीमाभित्र रहेर मन्त्रालयगत बजेट सूचना प्रणालीबाट रकम माग गर्ने व्यवस्था भएकोमा आयोग एवं अर्थ मन्त्रालयले कार्यक्रम तथा माग बेगर पनि बजेट व्यवस्था गर्ने गरेको छ । आवधिक योजनामा क्षेत्रगत लक्ष्यको लागि बजेट खर्चको अनुमान गर्ने गरेको देखिदैन ।

आर्थिक वर्ष २०७२।७३ मा पहिलो, दोस्रो र तेस्रो प्राथमिकता प्राप्त योजनाहरु क्रमशः ३२६, १२० र २२ समेत जम्मा ४६८ र २१ वटा राष्ट्रिय गौरवका आयोजनाको तथ्याङ्क आयोगमा भए तापनि कुल आयोजना संख्याको विवरण माग गरिएकोमा प्राप्त भएन । राष्ट्रिय गौरबका आयोजना निर्धारणका आधारहरु पनि तय गरेको देखिएन ।

आवधिक योजनाका लक्ष्य क्षेत्रगत विश्लेषण गर्दा १३ औं आवधिक योजनामा कुल बजेटको ८४ प्रतिशत खर्च भएको र सिँचाइ क्षेत्रमा अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार ३ वर्षमा रु.४८ अर्ब ९७ करोड ६ लाख बजेट व्यवस्था भई रु.४६ अर्ब २२ करोड ६७ लाख (९४.३९ प्रतिशत) खर्च भए तापनि आवधिक योजनामा सिँचित क्षेत्र १लाख ७६ हजार २७५ हेक्टर थप गर्ने लक्ष्यमा ८१ हजार हेक्टर (४५.९४ प्रतिशत) प्रगति भएको देखिएबाट  खर्च अनुसार लक्षित प्रगति भएको नदेखिएकोले सुधार हुनुपर्ने देखियो ।

५. **अनुगमन** - आयोगले नतिजा खाका बनाई राष्ट्रिय  तथा विषयगत क्षेत्रका नतिजा सूचकका लक्ष्यहरु निर्धारण गर्ने र ती सूचकहरुको स्थिति आंकलन गर्ने गरेको छ । राष्ट्रिय गौरबका आयोजनाहरु र प्रथम प्राथमिकता प्राप्त विकास परियोजनाहरुको तेस्रो पक्षबाट मूल्याकन गर्ने गरेको प्राप्त विवरणमा उल्लेख छ । आयोगबाट मन्त्रालयहरुका विकाससँग सम्बन्धित समस्या र प्रगतिको विवरण तयार गरी राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने गरेको पाइयो । समितिको ३६, ३७ र ३८ औं बैठकका निर्णयहरु अध्ययन गर्दा समस्याका विषयहरु दोहोरिएका र न्यून कार्यसम्पादन भएका आयोजनाहरुको हकमा जिम्मेवारिता, जवाफदेहिता  सम्वन्धमा समितिबाट निर्णय भएको छैन । समितिमा आवधिक योजनाको अवस्था, लक्ष्य र प्रगति  छलफल गर्दा लक्ष्य अनुरुप प्रगति नहुनुका कारणहरुको समीक्षा गरी अभिलेख गरेको छैन ।  अनुगमन प्रतिवेदन तथा फिल्ड नोटहरु अध्ययन गर्दा आयोजना र कार्यक्रमको अनुगमनमा आवधिक योजनामा लिइएका क्षेत्रगत नीति तथा सूचकको प्रगतिसंग आवद्ध गरी समीक्षा गरेको पाइएन ।

आवधिक योजना तयारीको लागि जिम्मेवारीता, जवाफदेहिता, उत्तरदायित्वको कार्यविधि नभएको र आवश्यक सूचना तथा जानकारीको संस्थागत अभिलेख राखी विश्लेषण गर्ने व्यवस्था नभएकोले सोबमोजिम योजनाका सूचक, सूचकलाई प्राप्त गर्न आवश्यक स्रोत साधनको क्षमता, विश्लेषणसहितको आंकलन, क्षेत्रगत सूचक वा परिमाणात्मक लक्ष्यलाई उपलब्धिमूलक बनाउन क्षेत्रगत विश्लेषण गरी आवश्यक स्रोतको अनुमान र व्यवस्था गर्नुपर्दछ । आर्थिक वृद्धि दरको प्रक्षेपणको आधारमा लगानीको आवश्यकता निर्धारण गरेतापनि आवधिक योजनामा उल्लेखित क्षेत्रगत सूचक र नतिजाको लागि अनुमानित खर्च र स्रोतको आँकलन गर्ने, योजनाहरुको अनुगमन तथा मूल्याङ्कनबाट देखिएको समस्या समयमै समाधान गरी आवधिक योजनाको लक्ष्य हासिल गर्ने व्यवस्था मिलाउनुपर्ने देखिएको छ ।

- **बेरुजू स्थिति** - आयोग र मातहतका समेत ११ कार्यालयको यो वर्ष रु.८५ लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु.२ हजार फछ्र्यौट गरेकोले रु.८५ लाख ५७ हजार बाँकी रहेको छ । सोमध्ये रु.२३ लाख ३८ हजार पेश्की बाँकी रहेको छ ।